# सिस्ने गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४

**कार्यपालिकाबाट स्वीकृत मितिः – २०७४।११।१०**

**प्रस्तावनाः** लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न निरपेक्ष गरिबीको रेखामूनि रहेका दीर्घ रोगी, द्वन्द्व पिडित, हिंसा पीडित तथा बेचबिखनमा परेका महिला, बालबालिका, विपन्न अति अशक्त अपाङ्ग, बेवास्तामा परेका ज्येष्ठ नागरिकको लागि आर्थिक सहायकता दिन आर्थिक सहायकता सम्बन्धी कानून बनाउन बाञ्छनीय भएकोले **सिस्ने गाउँ कार्यपालिकाको कार्यालय**ले यो कार्यविधि बनाएको छ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सिस्ने गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७४" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) "गाउँपालिका" भन्नाले सिस्ने गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले सिस्ने गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "आर्थिक सहायकता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामूनि रहेको भनी प्रमाणित भएका मुटु, मृगौला, फोक्सो, कलेजोजस्ता शरीरका महत्वपूर्ण अङ्गहरुका रोगी एवं क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसा, सशस्त्र द्धन्द, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचबिखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जबरजस्ती श्रमबाट पीडित भएको, शारिरक वा मानसिक यातना वा भेदभावजस्ता दूर्व्यवहारबाट पीडित, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिसे रहेको, यौन शोषण, यौन दूर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु आमा वा संरक्षकबाट बञ्चित, अपाङ्गता भएको, अपहरण वा शरीर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका, बेसहारा वृद्धवृद्धा बुझ्नु पर्दछ।

(घ) "अध्यक्ष" भन्नाले सिस्ने गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ङ) "न्यायिक समिति" भन्नाले सिस्ने गाउँपालिकाको न्यायिक समितिलाई सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सिस्ने गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

**परिच्छेद २**

**आर्थिक सहायता सम्बन्धी मापदण्ड**

**३. दीर्घ रोगी, सशस्त्र द्वन्द्वका घाइते तथा अंगभंग भएका र क्यान्सर पीडितलाई सहायताः** (१) आर्थिक सहायकता पाउन योग्य दीर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क) तथा क्यान्सर पीडित, सशस्त्र द्वन्द्वमा परी गम्भीर घाइते, अपाङ्ग र अंगभंग भएका व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिन सक्नेछन्।

**स्पष्टिकरण** "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनी अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट, द्वन्द्व पिडित भएको प्रमाण लगायतका कागजात बुझ्नुपर्दछ।

(२) उपखण्ड (१) बमोजिम प्राप्त निवेदनमाथि गाउँ कार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा बिरामीको अवस्था हेरी रू. २,०००।- रू. २५,०००।-सम्म आर्थिक सहायता दिई निःशुल्क उपचारको लागि समेत सिफारिश गर्न सकिनेछ।

(३) दश हजारसम्मको आर्थिक सहायता गाउँपालिका अध्यक्षसँगको समन्वयमा प्रमुख प्रशासकीय अधिकृत र सो भन्दा माथिको सहायता गाउँ कार्यपालिकाको निर्णय बमोजिम दिइनेछ।

**४. हिंसा, द्वन्द्व पीडित तथा बेचबिखनमा परेकालाई सहायताः** (१) घरेलु हिंसा, यौन हिंसा, सशस्त्र द्वन्द्वबाट आक्रान्त र पीडित एवं बेचबिखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जीवनयापनको लागि गाउँ कार्यपालिकाको निर्णयानुसार १०,०००।- (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) पीडितलाई न्याय दिलाउन एवं पुनर्स्थापनाको लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ।

**५. आर्थिक रुपले विपन्न, द्वन्द्व पिडित र अन्य पीडित बालबालिकालाई सहायताः** (१) आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा बेवारिसे अवस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जबरजस्ती श्रमबाट पीडित भएको, शारीरिक वा मानसिक यातना वा भेदभावजस्ता दूर्व्यवहारबाट पीडित, सशस्त्र द्वन्द्वका क्रममा अभिभावक गुमाएको, दूर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसँग सम्बन्धित रहेको कारणले बेवारिस् रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु आमा वा संरक्षकबाट बञ्चित, अपाङ्गता भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरीर बन्धकमा परेको, सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालन पोषणको लागि गाउँ कार्यपालिकाको निर्णय अनुसार रू. ५,०००।- (पाँच हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) उपखण्ड (१) मा उल्लेखित बालबालिकाको शिक्षा तथा पालनपोषणको लागि बाल उद्धार गृहको स्थापना गरी सञ्चालन गर्न सकिनेछ। बाल उद्धार गृह स्थापना नहुञ्जेलसम्मको लागि सामुदायिक वा संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालनपोषणको व्यवस्था गर्न सकिनेछ।

**६. आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमाहरुलाई सहायताः** (१) आर्थिक रुपले विपन्न तीन महिनासम्म पनि खान नपुग्ने भनी प्रमाणित परिवारका गर्भवती महिला एवं सुत्केरी आमाको पालनपोषणको लागि बढीमा दुई पटक गर्भवती हुँदा वा सुत्केरी हुँदा रु. ५,०००।- (पाँच हजार) आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ। तर दुई पटकभन्दा बढी गर्भवती हुँदा वा सुत्केरी हुँदा उक्त सहायता उपलब्ध गराइने छैन।

(२) उपखण्ड (१) बमोजिम सहायता पाउन गर्भवती महिला वा सुत्केरी आमाले आफै वा पति वा परिवारको कुनै सदस्य मार्फत तोकिएका कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन्।

**७. बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायताः** दलित ज्येष्ठ नागरिकको हकमा ६० वर्ष उमेर पुगेका र अन्यको हकमा ७० वर्ष उमेर पुगेका परिवारका सदस्यले बेवास्ता गरेका विपन्न, रोगी एवं अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि गाउँ

कार्यपालिकाको कार्यालयमा निवेदन पेश गरेमा र निवेदन मनासिव भएमा रू. ५,०००।- (पाँच हजार) सम्म आर्थिक सहायता दिई पुनर्स्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ।

**८. अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्गलाई सहायता**: (१) आर्थिक रुपले विपन्न अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्गको पालन पोषणको लागि रू. ५,०००।- (पाँच हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ।

(२) आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनी प्रमाणित कागजात, महिला तथा बालबालिका कार्यालयबाट प्राप्त अति अशक्त र पूर्ण अशक्त अपाङ्गको परिचयपत्र सहित गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्न सकिनेछ।

## परिच्छेद ३

## विविध

**९. निवेदनको ढाँचा**: खण्ड ३, ४, ५, ६, ७ र ८ अनुसार सहायता पाउन अनुसूची १ को ढाँचामा निवेदन दिनु पर्नेछ।

**१०. अधिकार प्रत्यायोजन गर्न सकिने**: यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धी निर्णयको अधिकार गाउँ कार्यपालिकाले गाउँपालिका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई दिन सक्नेछ।

**११. आकस्मिक कोष**: (१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिने एवं प्राकृतिक र गैरप्राकृतिक प्रकोष पीडितलाई राहत, उद्धार तथा पुनर्स्थापना गर्ने र अन्य आकस्मिक कार्यमा प्रयोग गर्ने प्रयोजनको लागि एक आकस्मिक कोष स्थापना गरिनेछ।

(२) आकस्मिक कोषमा देहायको रकम जम्मा गरिनेछः

(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय स्तरबाट आकस्मिक कोषको लागि प्राप्तअनुदान,

(ख) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आकस्मिक कार्य (आर्थिक सहायता, प्रकोप पीडित राहत) को लागि प्राप्त सहयोग वा अनुदान,

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार, राहत तथा पुनर्स्थिनाको लागि प्राप्त जुनसुकै रकम,

(घ) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(ङ) आकस्मिक कोष सम्बन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

अनुसूची-१

(खण्ड ९ सँग सम्बन्धि)

मितिः

श्री गाउँपालिका अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृतज्यू,

सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम (पूर्व) ।

**विषयः आर्थिक सहायता उपलब्ध गराइदिनु हुन ।**

प्रस्तुत विषयमा म/हामी ………………………………………………….. रोगले ग्रसित भई …………………………….. गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई निःशुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिश तथा आर्थिक सहयोग गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखी पेश गर्दछु/गर्दछौं ।

**तपसिल**

१. विपन्नताको सिफारिश तथा प्रमाणित प्रतिलिपी

२. नागरिकता/जन्म दर्ता/विवाह दर्ता/…………………. को प्रतिलिपी

३. ……………………………………..

४. ……………………………………..

निवेदक

| **क्र.सं.** | **नाम,थर** | **ठेगाना** | **दस्तखत** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |